# <u>मिति २०७८ मंसिर ९ गतेका दिन सातौं उद्योग दिवस भव्य रुपमा मनाउने सन्दर्भमा भएका निर्णयहरु</u>

**१.** मिति २०७८।०८।०९ गते पर्ने उद्योग दिवसलाई भव्यरुपमा सम्पन्न गर्न देहाय बमोजिमको तयारी समिति गठन गर्ने ।

संयोजक- सहसचिव, श्री नारायण प्रसाद शर्मा दुवाडी, औ. प्र. महाशाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सदस्य – महानिर्देशक, श्री जीवलाल भुसाल, उद्योग विभाग

सदस्य- प्रतिनिधि,श्री नेपाल उद्योग वाणिज्य महासंघ

सदस्य- प्रतिनिधि,श्री नेपाल उद्योग परिसंघ

सदस्य- प्रतिनिधि , श्री नेपाल घरेलु तथा साना उद्योग महासंघ

सदस्य- प्रतिनिधि,श्री नेपाल महिला उद्यमी महासंघ

सदस्य- उपसचिव ,श्री प्रेम प्रसाद लुईंटेल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सदस्य- उपसचिव,श्री एकदेव अधिकारी ,उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सदस्य – उपसचिव,श्री दिनेश भुसाल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सदस्य सचिव- निर्देशक, श्री ज्ञानेन्द्र पराजुली ,उद्योग विभाग

२.उद्योग दिवसमा निम्नानुसारका कार्यक्रमहरु संचालन गर्ने ।

**क.** यस वर्षको उद्योग दिवसको नारा " **स्वदेशी उद्यम र उत्पादन: दिगो औद्योगिक पुनरुत्थान**" तय गरी प्रचार प्रसार गर्ने ।

**ख.** लगानी प्रवर्द्धनलाई टेवा पुर्याउनेगरी अन्तरसम्बन्धित निकायको सहभागितामा उर्जा र वातावरणीय पक्षमा केन्द्रित भई मिति २०७८/०८/०७ मा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।

**ग.**उद्योग दिवसलाई व्यापकताकासाथ मनाउने क्रममा प्रदेश उद्योग मन्त्रालय, प्रदेश निर्देशनालय र स्थानीय तहलाई विविध कार्यक्रम सहित उद्योग दिवस मनाउन मन्त्रालय मार्फत पत्राचार गर्ने ।

**घ.** उद्योग दिवसको अवसरमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतका विभाग, औद्योगिक क्षेत्र र निजी क्षेत्रका उद्योग परिसरमा दिपावली तथा सरसफाई गर्ने ।

**ङ.** घरेलु तथा साना उद्यमी/व्यवसायीहरुमध्ये ७ प्रदेशबाट सिफारिस भै आए बमोजिमका उत्कृष्ट उद्यमी व्यवसायीलाई नगद पुरस्कार र सम्मानपत्र सहित मूल समारोहमा सम्मानित गर्ने ।

**च.** नेपाल उद्योग वाणिज्य महासंघको सहजीकरणमा उद्योग दिवसको प्रचार प्रसार र मिडियामा परिसंवाद कार्यक्रम संचालन गर्ने ।

**छ.** उद्योग दिवसको अवसरमा उद्योग ,वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्रकाशित उद्यमशीलता बुलेटिन र उद्योग विभागबाट प्रकाशित प्रदेश मातहत दर्ता भएका लघु ,घरेलु तथा साना उद्योग तथा उद्योग विभाग अन्तर्गत दर्ता भएका उद्योगहरुका तथ्यहरु समावेश भएको औद्योगिक तथ्याङ्क पुस्तिका विमोचन गर्ने ।

**ज.** निजी क्षेत्रका छाता संगठनहरुले उद्योग दिवसलाई भब्य रुपमा संचालन गर्न आफू मातहतका निकायहरुलाई समेत परिचालन गर्ने।

**झ.** उद्योग प्रतिष्ठानहरुले बर्ष भरी उत्कृष्ट कार्य गर्ने आफ्ना कामदार कर्मचारीहरु मध्येबाट पुरस्कृत गर्ने।

**ञ.**मन्त्रालयले नेपाल टेलिकम र एनसेल मार्फत उद्योग दिवसको नारा एस. एम. एस. मार्फत प्रचार प्रशार गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने।